विद्यमान परिस्थिति सम्मका केही मीमांस्य विषय

नकूल काजी

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

आवश्यकता

पूर्वसन्देश दैनिकका लागि **बजार व्यवस्थापक**को आवश्यकता परेकाले इच्छुक व्यक्तिले सम्पर्क राख्नुहोला । उमेर ३० वर्ष माथि भएका र अनुभवीलाई विशेष ग्राह्यता ।

पार्ट टाइमको अवसर

पत्रिका सम्बन्धि विविध कामका लागि बिहान/दिउँसो २ देखि ४ घण्टासम्म पार्ट टाइम "जब"को व्यवस्था गरिएको छ । पारिश्रमिक काम र क्षमताका आधारमा समझदारीमा निर्धारण गरिनेछ ।

सम्पर्कका लागि

पूर्वसन्देश दैनिकको कार्यालय

एलम्बर चौक, दमक-५, : ९८१६९९९२००

❑ वर्ष-२१ ❑ अंक - १४१ ❑ २०८३ जेठ १३ गते बुधबार ❑ Wednesday, 27 May 2026 ❑ मूल्य ७ /-

झापा-सुनसरीमा हावाहुरीको वितण्डा

एकको मृत्यु, करोडौंको क्षति

पूर्वसन्देश समाचार

दमक । सुनसरीको दुहबीमा मंगलबार राति हावाहुरीसँगै उडेर आएको जस्तापाता मोटरसाइकलमा ठोक्किँदा एक युवकको मृत्यु भएको छ । राति करिब १० बजे दुहबी नगरपालिका-४ मलहटीस्थित भित्री सडकखण्डमा दुर्घटना भएको हो ।

प्रहरीका अनुसार मोरङको बूढीगंगाबाट दुहबीतर्फ जाँदै गरेको को २९ प ८५४६ नम्बरको मोटरसाइकलमा वर्षासँगै आएको तीव्र हावाहुरीले उडाएर त्याएको जस्तापाता ठोक्किएको थियो । जस्तापाता ठोक्किएपछि मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक दुहबी-४ का २८ वर्षीय मोहम्मद जाहिद गम्भीर घाइते भएका थिए ।

घटनाको जानकारी स्थानीयले राति करिब १०:३० बजे इलाका प्रहरी कार्यालय दुहबीलाई दिएका थिए । त्यसपछि प्रहरी सहायक निरीक्षक पुखमान कटुवालको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । गम्भीर घाइते जाहिदलाई तत्काल उद्दार गरी बूढीगंगास्थित विराट शिक्षण अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए ।

यसैबीच, झापामा गएराति आएको पानीसहितको हावाहुरीले व्यापक भौतिक क्षति पुऱ्याएको छ । विशेषगरी दमक नगरपालिका-१० मा रहेको गरिमा ईंटाभट्टाको भवनमा ठूलो क्षति पुगेको छ । गुणराज थापाले सञ्चालन गरेको उक्त ईंटा भट्टाको टिनको छाना उक्किएर पल्टिएको प्रहरीले जनाएको छ ।

हावाहुरीले जिल्लाका विभिन्न स्थानीय तहमा घरका छाना उडाउनुका साथै कुखुरा फार्म, उद्योग, सवारीसाधन र विद्युत् संरचनामा समेत क्षति पुऱ्याएको छ । गौरादह नगरपालिका-७

बाँकी ४ पेजमा ▸▸

३ करोड बढीको केरामा क्षति

बाह्रदशी । झापाको बाह्रदशी गाउँपालिकामा आएको भीषण हावाहुरी र वर्षाका कारण केरा खेतीमा ठुलो क्षति पुगेको छ ।

विशेष गरी बाह्रदशी गाउँपालिका-७ स्थित बत्तिसविघा लगायतका क्षेत्रमा व्यावसायिक रूपमा लगाइएको केरा खेतीमा हावाहुरीले नोक्सान पुऱ्याएको हो । स्थानीयका अनुसार करिब ६० बिघा क्षेत्रफलमा लगाइएका केराका बोटहरु हावाहुरीले ढालेर नष्ट गरेको छ । यस प्राकृतिक विपद्बाट करिब ३ करोड रूपैयाँ बराबरको आर्थिक क्षति

बाँकी ४ पेजमा ▸▸

प्रधानमन्त्री बालेनको धारणा

दमक । प्रधानमन्त्री बालेन्द्र शाहले नेपाली नागरिकको दैनिक जीवनस्तर सुधार गर्न आफ्नो नेतृत्वको सरकार सक्रियतापूर्वक लागिरहेको बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार काठमाडौं र नयाँदिल्लीस्थित युरोपेली सङ्घ (इयू) तथा सदस्य राष्ट्रका राजदूतहरूसँग भएको संयुक्त भेटवार्तामा उनले सरकार सुशासन, समावेशी आर्थिक समृद्धि र राजनीतिक स्थिरताप्रति स्पष्ट रहेको बताए ।

प्रधानमन्त्री शाहले हालै सम्पन्न निर्वाचनले सुशासन र आर्थिक सुधारका लागि स्पष्ट जनादेश दिएको उल्लेख गर्दै नयाँ सरकार गठन भए पनि नीतिगत निरन्तरता कायम रहने बताए । उनले लोकतान्त्रिक मूल्य, राजनीतिक स्थिरता र अनुमानयोग्य नीति प्रणालीप्रति सरकार प्रतिबद्ध रहेको धारणा राखे ।

उनले नेपाललाई विश्व बजारसँग जोड्दै लगानीमैत्री वातावरण निर्माण गर्न सरकार लागिपरेको बताए । व्यापार, लगानी, हरित ऊर्जा, जलवायु र पर्यटन क्षेत्रमा सहकार्य विस्तार गर्न नेपाल इच्छुक रहेको उनको भनाइ थियो । नवप्रवर्तनलाई प्रोत्साहन गर्दै

दिगो विकास हासिल गर्ने लक्ष्य सरकारको रहेको उनले बताए ।

प्रधानमन्त्री शाहले नेपालले सन्तुलित र व्यावहारिक विदेश नीति अवलम्बन गरिरहेको उल्लेख गर्दै छिमेकी, विकास साझेदार र मित्र राष्ट्रसँगको सम्बन्ध आपसी सम्मान र साझा समृद्धिमा आधारित रहेको बताए । नेपालको विकासमा निरन्तर सहयोग पुऱ्याएको भन्दै उनले विकास साझेदार राष्ट्रहरूप्रति आभार पनि व्यक्त गरे । विश्वका विभिन्न क्षेत्रमा द्वन्द्व जारी रहेकाले शान्ति

बाँकी ४ पेजमा ▸▸

सवारी साधनको अभावमा शान्ति सुरक्षामा कठिनाई

दमक । झापामा भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा प्रहरी संरचना, सवारी साधन, हतियार र प्रशासनिक कामकाजमा गम्भीर क्षति पुगेको छ । आन्दोलनका क्रममा झापा प्रहरीका २५ वटा सवारी साधन पूर्ण रूपमा जलेर नष्ट भएका छन् । तीमध्ये २ वटा वानटन, ७ वटा हलुका चारचक्के सवारी साधन र १६ वटा मोटरसाइकल रहेका छन् । आगजनीका कारण यी सबै साधन कामै नलाग्ने अवस्थामा पुगेका छन् ।

हाल झापा प्रहरीसँग २ वटा वानटन, २५ वटा हलुका सवारी साधन र करिब ८० वटा मोटरसाइकल चालु अवस्थामा रहेका छन् । तर ठूलो संख्यामा सवारी साधन नष्ट भएपछि प्रहरीको दैनिक गस्ती, अनुसन्धान र आपतकालीन प्रतिक्रिया कार्यमा समस्या देखिएको छ। क्षतिपछि स्थानीय तहहरूले केही समयका लागि सवारी साधन उपलब्ध गराएर सहयोग गरेका थिए । बिर्तामोड, दमक र कन्काई नगरपालिकाले गाडी उपलब्ध गराए पनि कन्काई नगरपालिकाले पछि ती गाडी फिर्ता लगेको छ। हालसम्म विभागबाट ६ वटा चारचक्के सानो गाडी र एउटा वानटन प्राप्त भएको जिल्ला

बाँकी ४ पेजमा ▸▸

स्वामी विवेकानन्द सरस्वती महाराजको निधन

दमक । वैदिक सनातन परम्परा, संस्कृत शिक्षा र अध्यात्म चेतनाका अग्रदूतका रूपमा परिचित महामनीषी स्वामी विवेकानन्द सरस्वती महाराजको निधन भएको छ ।

लामो समयदेखि अध्यात्म, धर्मप्रचार, गुरुकुल शिक्षा र वेदान्त प्रवचनमार्फत् हजारौं श्रद्धालु र विद्यार्थीलाई मार्गदर्शन गर्दै आएको उनको शनिबार साँझ बुटवल नयाँमिलस्थित आश्रममा निधन भएको हो। उनी अर्बुद रोगबाट पीडित थिए ।

२०९२ भदौ १४ गते बाग्लुङको तोरीखोलामा जन्मिएका उनको बाल्यकालीन नाम खेमराज गैरे थियो । सानैदेखि

बाँकी ४ पेजमा ▸▸

संक्षेप

टिकटकमा हातहतियार प्रदर्शन गर्ने दुई पक्राउ

इटहरी । सामाजिक सञ्जाल टिकटकमा हातहतियार बोकेको भिडियो पोस्ट भएको घटनापछि प्रहरीले अनुसन्धान गर्दै दुई किशोरलाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार सोमबार साँझ ६:५० बजेतिर भिडियोमा देखिएका व्यक्तिको पहिचान गरी सुनसरीको देवानगंज गाउँपालिका-२ बस्ने १७ वर्ष र १५ वर्षका दुई जनालाई नियन्त्रणमा लिइएको हो । प्रहरीले पक्राउ परेका दुवै जनाको पहिचान सार्वजनिक गरेको छैन । प्रहरीले उनीहरूको साथबाट फलामबाट बनाइएको घरेलु हतियार 'कटुवा पेस्तोल' जस्तो देखिने वस्तु समेत बरामद गरेको जनाएको छ । बरामद हतियार र दुवै किशोरलाई जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

श्रम संस्कृतिको ब्यानमार साम्पाङको तस्बिर अनिवार्य

धरान । श्रम संस्कृति पार्टीले आफ्ना सबै सांगठनिक तथा प्रचारात्मक कार्यक्रमहरूमा पार्टी अध्यक्ष हर्क साम्पाङको तस्वीर अनिवार्य रूपमा प्रयोग गर्न निर्देशन जारी गरेको छ ।

पार्टीको कोशी प्रदेश कमिटीले मातहतका सबै तहलाई पत्राचार गर्दै ब्यानर, पोस्टर तथा प्रचार सामग्रीमा अध्यक्ष साम्पाङको तस्वीर राख्न अनिवार्य गरिएको जनाएको हो । उक्त निर्देशन कोशी प्रदेश अध्यक्ष प्रताप राई र सचिव दिपक तिमिल्सिनाको संयुक्त हस्ताक्षरमा जारी गरिएको हो ।

स्कुल बसबाट खसेर सह-चालकको मृत्यु

उदयपुर । उदयपुरको कटारीमा गुडिरहेको स्कुल बसबाट खस्दा एक सह-चालकको मृत्यु भएको छ । कटारी नगरपालिका-२ गिद्दबरस्थित भित्री सडकखण्डमा सौगात एकेडेमी बोर्डिङ स्कुलको बस विद्यार्थी लिन जाँदै

बाँकी ४ पेजमा ▸▸

संविधान संशोधनमा हिन्दु धर्म र राजसंस्था समेट्न राप्रपाको माग

दमक । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रमुख सचेतक खुस्बु ओलीले संविधान संशोधनको प्रक्रियामा सनातन हिन्दु राष्ट्र, संवैधानिक राजसंस्था र प्रदेश संरचनाको पुनरावलोकन जस्ता विषयलाई अनिवार्य रूपमा समेट्न सरकारसँग माग गरिन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा बोल्दै सचेतक ओलीले संविधान संशोधनका लागि बनेको कार्यदलको प्रारम्भिक मस्यौदामा यी महत्वपूर्ण विषयहरु छुटेको भन्दै आपत्ति जनाइन । उनले जनताको ठूलो हिस्साको भावना र मागलाई सरकारले बेवास्ता गरेको आरोप लगाउँदै यसलाई गम्भीर रूपमा लिनुपर्ने बताइन ।

उनले विगतमा पनि जनताका सुझावहरु संकलन गरिए पनि कार्यान्वयन नगरी थन्क्याइएको उल्लेख गर्दै यसपटक पनि जनभावनालाई "डिजिटल बोरामा थन्क्याउने" प्रयास नगर्न सरकारलाई चेतावनी दिईन । उनले संविधान निर्माणका क्रममा पर्याप्त राष्ट्रिय बहस र जनअभिमत बिना नै धर्मनिरपेक्षता घोषणा गरिएको दाबीसमेत गरिन् ।

सचेतक ओलीले वैदिक सनातन हिन्दु र बौद्ध धर्मलाई समेट्ने गरी नेपाललाई सनातन राष्ट्रका रूपमा परिभाषित गर्नुपर्ने धारणा व्यक्त गरिन । उनले धर्मनिरपेक्षताको नाममा समाजमा धर्मान्तरणको दर बढ्दै गएको भन्दै

बाँकी ४ पेजमा ▸▸

कोशी प्रदेशमा तीन दिन गणतन्त्र दिवस मनाइने

विराटनगर । कोशी प्रदेश सरकारले गणतन्त्र दिवस २०८३ तीन दिनसम्म विभिन्न कार्यक्रमसहित भव्य रुपमा मनाउने भएको छ । मुख्यमन्त्रीको अध्यक्षतामा मूल समारोह समिति गठन गर्दै सरकारले जेठ १४, १५ र १६ गते विविध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको हो । दिवस मनाउन उच्चस्तरीय समिति र आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा निर्देशक समिति पनि गठन गरिएको छ ।

कार्यक्रमअनुसार जेठ १४ गते सरकारी कार्यालय र मन्त्रालयहरूमा सरसफाइ, सञ्चार माध्यममार्फत् गणतन्त्रको महत्वबारे अन्तर्क्रिया तथा साँझ दीपावली गरिनेछ । जेठ १५ गते विराटनगरमा

बाँकी ४ पेजमा ▸▸

आमाको काजक्रियामा दुई छोरी

शिवगञ्ज । मंगलबार बिहान घाम पूर्ण रुपमा नचर्किँदै शिवगञ्जस्थित नहरको डिलमा गाउँलेहरुको भिड थियो । जेठको गर्मी भए पनि त्यहाँको वातावरण शान्त र भारी थियो । नजिकैको सानो छाप्रोभित्र सेतो कपडामा बसेकी दुई दिदीबहिनी आफ्नी दिवंगत आमाको काजक्रिया गरिरहेका थिए ।

चोयाको डालो, कुश, तिल र पानीको लोटासहित गरिएको काजक्रियाको दृश्यले उपस्थित सबैलाई भावुक बनाउथ्यो । गाउँमा यस्तो दृश्य पहिलो पटक देखिएकाले धेरैको आँखा रसाएका थिए ।

५५ वर्षीया मनमाया बाँस्कोटाको जेठ ४ गते निधन भएको थियो । उच्च रक्तचाप र पक्षघातका कारण लामो समयदेखि ओछ्यानमै थिइन् । उनको उपचार र आशा हुँदाहुँदै पनि घरमै निधन भयो ।

छोराको लामो समयदेखि बेखबर अवस्था भएकाले अन्त्येष्टि संस्कार दुई अविवाहित छोरीले नै गर्नुपरेको हो । यो घटनाले परिवारभित्रको पीडा मात्र होइन, सामाजिक संवेदनाको गहिरो प्रश्न पनि उठाएको छ ।

दमक नगरपालिका, दमक, झापाको

विपन्न दलित समुदायका विद्यार्थीहरूका लागि छात्रवृत्ति सम्बन्धी सूचना

मिति:२०८३/०२/१२

दमक नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत माध्यमिक तह तथा उच्च शिक्षामा सामुदायिक विद्यालय तथा दमक बहुमुखी क्याम्पसमा अध्ययन गरिरहेका विपन्न दलित समुदायका विद्यार्थीहरूले मिति २०८३/०२/१२ गतेदेखि २०८३/०२/२६ गते कार्यालय समयभित्र छात्रवृत्तिको लागि तपसिल वमोजिमको कागजात सहित दमक नगरपालिकाको सामाजिक विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सम्बन्धित वडा कार्यालयको सिफारिस,
२. यस न.पा.को स्थायी बासिन्दा भएको प्रमाण खुल्ने कागजात,
३. हाल अध्ययनरत कक्षा प्रमाणित हुने कागजात,
४. सम्बन्धित विद्यालय तथा क्याम्पसबाट यस आ.व. २०८२/०८३ मा ५०% वा सो भन्दा बढी छात्रवृत्ति प्राप्त नगरेको पत्र ।

नोटः यस न.पा. भित्रका सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि कक्षा १२ सम्म र दमक बहुमुखी क्याम्पसमा कक्षा ११ देखि स्नातकोत्तर सम्म अध्ययनरत दलित विद्यार्थीहरूका लागि मात्र छात्रवृत्ति प्रदान गरिनेछ ।

सम्पादकीय

जनमुखी बजेटको प्रतीक्षा

राष्ट्रको आर्थिक दिशा, विकासको प्राथमिकता र जनजीवनको अवस्था निर्धारण गर्ने सबैभन्दा महत्त्वपूर्ण दस्तावेजमध्ये वार्षिक बजेट एक हो । सरकारले आगामी जेठ १५ गते संसद्को संयुक्त बैठकमार्फत आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने तयारी गरिरहेको छ । संविधानले सुनिश्चित गरेको यस मितिमा हरेक वर्ष बजेट आउने परम्पराले लोकतान्त्रिक अभ्यासलाई संस्थागत बनाएको छ । तर, केवल संवैधानिक औपचारिकता पूरा गर्नु मात्र पर्याप्त हुँदैन, बजेटले जनताको वास्तविक अपेक्षा र आवश्यकता सम्बोधन गर्न सक्नुपर्छ ।

आज मुलुक आर्थिक संकट, बेरोजगारी, महँगी, घट्दो उत्पादन, युवापलायन र जनविश्वासको संकटसँग जुधिरहेको छ । आम नागरिकले व्यवस्था परिवर्तनको अनुभूति अझै गर्न सकेका छैनन् । सरकार फेरिए, सत्ता समीकरण फेरिए, तर जनताको जीवनशैलीमा अपेक्षित परिवर्तन आउन सकेन । यही कारण अहिलेको सरकारमाथि विशेष जिम्मेवारी आएको छ । दुई तिहाइ जनमतको समर्थन केवल सत्ता सञ्चालनका लागि होइन, जनताको जीवन बदल्ने प्रतिबद्धताका रुपमा पनि बुझिनुपर्छ ।

विगतका बजेटहरु धेरैजसो नेतामुखी, पहुँचमुखी र वितरणमुखी बने भन्ने आलोचना हुँदै आएको छ । विकासका नाममा सीमित वर्ग लाभान्वित हुने, तर शिक्षा, स्वास्थ्य, रोजगारी र उत्पादनजस्ता आधारभूत क्षेत्र उपेक्षित रहने प्रवृत्ति दोहोरिँदै आएको छ । अब त्यो परम्परा तोड्न आवश्यक छ । आगामी बजेट जनमुखी, उत्पादनमुखी र परिणाममुखी बन्नैपर्छ ।

विशेषगरी शिक्षा, स्वास्थ्य, रोजगार, खेलकुद, पर्यटन र ऊर्जा क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्छ । शिक्षालाई केवल प्रमाणपत्र उत्पादन गर्ने माध्यम होइन, दक्ष जनशक्ति निर्माण गर्ने आधारका रुपमा हेर्नुपर्छ । स्वास्थ्य क्षेत्रमा उपचारभन्दा रोग लाग्न नदिने नीतिमा जोड दिन जरुरी छ । नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ खानपानका कारण जनस्वास्थ्य चुनौतीपूर्ण बन्दै गएको अवस्थामा स्वास्थ्य कर, गुणस्तर नियन्त्रण र जनचेतनामूलक कार्यक्रमलाई बजेटले समेट्नुपर्छ ।

त्यस्तै, युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने नीति अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । बेरोजगारीका कारण लाखौं युवा विदेशिन बाध्य भइरहेका छन् । कृषि, पर्यटन, सूचना प्रविधि र साना उद्योगमार्फत रोजगारी सिर्जना गर्ने ठोस कार्यक्रम बजेटमा देखिनुपर्छ । खेलकुद र पर्यटनलाई पनि राष्ट्रको अर्थतन्त्रसँग जोडेर हेर्न सक्नुपर्छ । प्राकृतिक स्रोत र ऊर्जाको उचित उपयोगमार्फत आर्थिक समृद्धिको आधार तयार गर्न सकिन्छ । आगामी बजेट केवल आय–व्ययको हिसाबकिताब मात्र नभई सरकारको सोच, दृष्टि र जनताप्रतिको उत्तरदायित्वको परीक्षा पनि हो । यदि बजेटले जनताको अपेक्षा, राष्ट्रको आवश्यकता र भविष्यको सम्भावनालाई आत्मसात् गर्न सक्यो भने मात्र नागरिकले व्यवस्था परिवर्तनको अनुभूति गर्नेछन् । जनताको पक्षमा उभिने, उत्पादन र स्वास्थ्यलाई प्राथमिकता दिने तथा सुशासनलाई व्यवहारमा उतार्ने बजेट नै आजको आवश्यकता हो ।

विद्यमान परिस्थितिसम्मका केही मीमांस्य विषय

✍ नकूल काजी

२०७५ सालतिर केपी ओली 'मालिक' रहेको लगभग हुकुमी ढवमा चलेको एमाले पार्टीको 'सुखी नेपाली समृद्ध नेपाल' शासकीय नारा थियो । यो नारालाई भाषणवाजी र तालीहरुले सामाजिक र राष्ट्रिय जीवनका सबै कित्ता-कान्लाका नेपालीका लागि कर्णमधुर बनाउन चानचुन मात्र प्रयत्न भएको थिएन । त्यस नारालाई उसबेलाको संघीय सरकारले आफ्नो शासकीय लक्ष्यको निर्देशक मार्गका रुपमा लिएको भए वा आभ्यासिक धरातलमा अलकति पनि उतारेको थियो भने लामो संक्रमणकालको अन्तरालपछि उदित यो एउटा राम्रो शुरूआत मान्न कसैले पनि हिचकिचाउनु पर्ने थिएन ।

पहिला-पहिला संघीय संसदभित्रको हल्लामय गतिबिधिले झन्नै-झन्नै दूरदेहातमा लाग्ने हाट-बजारे हल्लाको आभास दिन्थ्यो - चाहिनेभन्दा नचाहिने कुरामा समयको अपव्यय भएको विवेकीहरुद्धारा चर्चा निफनिन्थ्यो ! कतै सडकमा ढुंगा थुपारिएकाले गाडी-रिक्सा आउन-जान कठिनाई भएको, सवारी साधन ओभरलोड देखेको, कतै सडक किनारका छाप्रे होटेलहरूले आ-आफ्नोतिर मान्छे तानातान गर्ने गरेका आदि- इत्यादि हलुका र झिनामसिना विषय सांसदहरूले उठाउने गर्थे भने जस्ता कुराहरु समाचारमा आउँथे । प्रजातन्त्रोत्तर त्यसमा परिवर्तन त आयो, तर फेरि पनि संघीय संसद अधिवेशनले 'पार्टी-पार्टीका रडाको नार्ने थलो' -को रूप लिने गरेको देखिने समय आयो ! राष्ट्रले आवधिकरूपमा अख्तियार गर्ने 'राज्यनीति' ओझेलमा पर्न थाले । सांसदहरु सत्ताशीन र सत्ता विरोधी खेमामा विभक्त भई जुवारी खेल्ने थलोको रूपमा संसदीय राजनीतिले, यो राजतन्त्रको अवसानपछिको ३६ वर्षका, धेरैजसो समयको अपव्यय भयो । जेन-जेडको क्रान्तिपछि, त्यसै क्रान्ति-निर्दिष्ट भावभूमिमा जनमतको लगभग दुई-तिहाइ प्राप्त सरकार त बन्यो तर उपर्युक्त परिस्थितिमा अपेक्षित सुधार हुन सकिरहेको छैन । फेरि पनि देश र देशवासीका उम्दा समस्याका विषयहरु ओझेलमै पारेर 'नयाँ'-हरु स्वयमले संसदीय लोकतन्त्रका सारभूत सिद्धान्तले निर्देश गर्ने कर्त्तव्यको बाटोमा वैयक्तिक सोच लाद्ने गर्दैछन् भने पुराना पार्टीका खलीहरु जनमतले आफूलाई कुन थान्कोमा थेचारेको छ भन्ने विवेकको बावजुत, पुरानै ढाँचा-ढर्रामा उफ्रीपाफ्री नारिरहेका छन् । जसलाई तह लगाउनुपर्ने र 'परिवर्तन'-को आभास दिने हैसियत नागरिक आँखाले पनि कमै देख्न थालेका छन् ! बोल्नेहरूले साढे तीन दशकका समयलाई हावामा उडाए भने नबोल्नेले नबोलेरै अहिले हुण्डरी चलाइरहेका छन् । लोकतन्त्र-गणतन्त्रका नेपाली नागरिकहरूको यिनै झाँकीहरूमा अल्मलिइरहने नियति हो त ? उनीहरूका आधारभूत मुद्दा कता थन्किएका छन् ? र, आजका नागरिकले कहिलेसम्म यही नियतिमा चित्त बुझाउँछन् भन्ने हेपायती सोच राखिँदैछ त ?.. यी सब यो तरोताजा परिस्थितिजन्य दृश्यहरूका थोरै झलकहरु मात्र हुन् जसबाट मात्र पनि देशवासीमा पुनः निराशा टुसाउन थालेको छ ! यो चाहिँ सम्झाउने पर्ने विषय बनेर सम्पूर्ण उच्चतासाथ उभिने सम्भावना बढ्दैछ ।

विश्वका प्रायः सबै राष्ट्रमा शासक फेरिँदा राष्ट्रले अख्तियार गर्ने नीति-विधि र त्यसको लक्ष्य उद्घोष गराउने कुनै न कुनै नाराको उत्पति गरिने चलन छ । चाहे त्यो नाराको व्याख्या गरिने क्रममा शासक समूहका अख्तियारशालीहरूले 'स्वविवेक' प्रयोग गरेर त्यसलाई शासक दलको श्रेष्ठता प्रतिष्ठापनको मसला नै बनाउने गरुन् ! हाम्रो देशमा 'प्रजातन्त्र-लोकतन्त्र-संघीय लोकतान्त्रिक गणतन्त्र'-का हेरफेर-थपघटमा अवतरित प्रणालीहरूलाई नै तिनमा समय-समयमा बद्लिने रथि- सारथिहरूले आफू अनुकूल बेग्लाबेग्लै किसिमबाट परिभाषित गर्ने गरेका अभिलेख पनि छन् । त्यसो हुनु उचित भए आफ्नो शासनकालको परिचायक सिद्धान्तको चूरोको रूपमा आफैले तय गरेको नारालाई शासक-समूहमा रहेका व्यक्ति विशेषले अलग-अलग किसिमबाट परिभाषित गर्नुलाई पनि स्वाभाविकै मानिदिए पनि हुँदो हो !

२०७५ सालतिर केपी ओली 'मालिक' रहेको लगभग हुकुमी ढवमा चलेको एमाले पार्टीको 'सुखी नेपाली समृद्ध नेपाल' शासकीय नारा थियो । यो नारालाई भाषणवाजी र तालीहरुले सामाजिक र राष्ट्रिय जीवनका सबै कित्ता-कान्लाका नेपालीका लागि कर्णमधुर बनाउन चानचुन मात्र प्रयत्न भएको थिएन । त्यस नारालाई उसबेलाको संघीय सरकारले आफ्नो शासकीय लक्ष्यको निर्देशक मार्गका रूपमा लिएको भए वा आभ्यासिक धरातलमा अलकति पनि उतारेको थियो भने लामो संक्रमणकालको अन्तरालपछि उदित यो एउटा राम्रो शुरूआत मान्न कसैले पनि हिचकिचाउनु पर्ने थिएन । तर, नूनको समस्यामा जकडिइरहेका बहुसंख्यक नेपालीलाई जूनको कविता सुनाएर अल्मल्याउने वकवेदान्ते सम्मोहनको तमाशा जस्तोमा मात्र वा स्यालको हुइँया जस्तो मात्रमा सीमित भयो त्यो नारा ! त्यसले नागरिक अपेक्षाको हकमा ओरको सिन्को पर सारेन! अन्ततः त्यो जन-कर्णमधुर नारालाई 'कसैको स्वैरकल्पना मात्रमा अथवा खस-बाहुनका परम्परागत विवाहमा गाइने वीरगाथाको 'खाँडो जगाइ' जस्तो मात्रमै सीमित भएर गयो ! .. यद्यपि यो विगतको एउटा उदाहरणको निम्ति मात्र यहाँ लेखिएको हो, जसको विस्तृत पोल खोल्न त बाँकी नै छ र त्यो छोटो भन्न सकिने र प्रिय पनि छैन ! त्यसका लागि झापाको दमकमा अर्बौ राजस्व पोलेर बनेको 'लहडी' भ्यू-टाओरको छतमै चडेर कुर्लिनुपर्ने पनि हुनसक्छ । किनभने, दक्षिण एशियाइ मुलुकहरूमा सबभन्दा बढी करभार बोक्न बाध्य 'दुखी नेपाली'-ले तिरेका करबाट निर्मीत थियो त्यो टाओर - जसले औसद नेपालीको दुःखी जीवन-व्यवहारलाई अहिलेसम्म पनि सम्बोधन गरिरहेको छैन!

देश र देशवासीका आधारभूत विषयहरूभन्दा अलग अथवा देशको परिभाषाका प्रमुख अङ्गहरूलाई नछुने वा चुनावमा आर्जित 'बहुमतको रंगोली' मात्रमा यो वर्तमान पनि गुज्रिएर जाने हो कि भन्ने भय विभिन्न स्थापित 'परम्पराको क्रमभङ्गहरु-बाट, उब्जाउन शुरू भएको छ । स्पष्ट मार्गचित्र बिना, देशको कण्टकाकीर्ण अवस्थाको अध्ययन-अनुशीलन बिनै र औपचारिक शक्तिका सइसको मौनतामा निहीत भई चलिरहे जस्तो देखिइरहेको वर्तमान 'राज्य'-ले 'नयाँ'-को जुन वकालत गर्दैछ, अभ्यास त्यस्तो देखिँदै छैन । 'बहुमत'-को दम्भी अधिनायकीय शैली यसमा पनि सवार हुने शंका बढ्दो देखिँदो छ । यदि यही नै 'कञ्चन नयाँ सरकार' मानिइरहेको वर्तमान सरकारले अख्तियार गरेको शासकीय शैलीको रूपमा स्थापित हुने नै हो भने नागरिकको वैकल्पिक रोजाइ अब चाहिँ लोकतन्त्रको निम्ति सदा भयावह रहेको 'प्रतिगमन' नै हुनेछ ! यसका नितान्त ताजा कथनहरूको स्थिति त बाटो हिंड्दा दाहिने र देब्रो खुट्टा कुन अघि र कुन पछि ख्याल नगरिए जस्तै-जस्तै देखिन्छ ! पुरानाहरु 'लामो शासकीय दम्भ'-को उदरम्भर मनोविज्ञानद्वारा निर्देशित छन् भने नयाँहरु 'बहुमत'-को अन्तरशक्तिलाई सर्वस्व मानिरहे झैं प्रस्तुत देखिन्छन् । यो अक्करिलो द्वन्द्व अन्ततः कसैका लागि पनि फाइदाजनक छैन मात्र होइन, हानिकारक नै हुने देखिन्छ ! विगत -३६ वर्ष ?)- देखि वर्तमानसम्म देशभित्र प्रादुर्भूत अनेकानेक बेथितिका उत्कर्षगामी समस्या नागरिक जीवनले भोगिआएका छन् । 'आज'-का नागरिक तप्काले,पहिलाकै जस्तो, पहिला खाडल खन्ने काम देखाएर राष्ट्रिय ढुकुटी खर्च भएको हिसाब राख्ने र त्यही खाडल पुर्ने काम देखाएर उसरी नै फेरि खर्च लेख्ने काम भए जस्तो जन-सरोकार वा जन-जीविकालाई प्रत्यक्ष सम्बोधन नगर्ने मात्र होइन धोका दिने कामको हल्ला मात्रको नकाम चलखेल किमार्थ रूचाउँदैनन् नै । जेन-जेड क्रान्तिको धरातलमा उभिएको यो 'राज्य'-ले सो क्रान्तिद्वारा निर्दिष्ट बाटो बिरायो भने अर्को अकल्पनीय उपज पनि नहुन सक्नैन । जेन-जेड क्रान्तिको आदेशको चूरो वा अन्तर्य के थियो ? चेतना भया !...

सीमा क्षेत्रमा देशको भूगोल चोरिने क्रम वेरोकटोक बरकरार छ । इण्डियन बिहारी मानसिकताको संक्रमनले तराई भूखण्ड संदिग्ध बनेको छ । देशको ऊर्बर भूमि उहीँ विदेशी जनसंख्या अतिक्रमणरूपी 'भूसको आगो' भई तिनकै निर्मम पाइतालाले कुल्चिएर अनुत्पादक बाँझो बनाइँदैछ ! देशको भूगोल तिनकै कारण टुक्रिने आन्तरिक सम्भावना छिप्पिंदो छ । पृथकतावादी स्वरूपका झुक्राइले अर्कातिर मलजल पाउन थालेको छ वा पाइरहेको आभास ज्यूँका त्यूँ छँदैछ । राष्ट्र र राष्ट्रियता भनेको अन्तर्राष्ट्रिय सीमारेखाभित्रको 'माटो' मात्र होइन वा त्यति मात्र राष्ट्र र राष्ट्रियताको सक्कली सम्पूर्णता होइन भन्ने कुरामा साधिकार राष्ट्रिय नीति-निर्माता र प्रयोक्ताहरु हिजो जस्तै आज पनि गम्भीर रूपमा देश र जनताका मुद्दामा मुखर देखिएका छैनन् । राष्ट्र र राष्ट्रियताका परिचायकको गन्तीमा प्राथमिकता पाउनेपर्ने जातीय सनातन जीवन-दर्शन र शैली, संस्कार-संस्कृति र ती सबै समेटिएको स्वाभिमान घुमाउरो किसिमबाट अन्यायपूर्वक तिरोहित बन्दै गएको छ । यिनै सब यथार्थ अनुभूत गरेका युवाशक्ति जीवन-जीविकाको बाध्यात्मक कुण्ठा बोकेर विदेश पलायनलाई 'निर्विकल्प विकल्प' मान्न विवश छन् । र, 'राज्य' चाहिँ पहिला जस्तै अहिले पनि रिमिट्यान्सको रोकडमा वृद्धि फलाक्न मज्जा मान्दो छ । देशका घरहरु बृद्धाश्रम-बालाश्रममा नित्य अनुदित हुने क्रममा छन् । यस्ता अनगिन्ती कारणहरूका कारण बाल-बालिका लगायत ७६ नेपालीको आहुतीपछि सुशासन र सम्य-समृद्ध ढबको जीवनको अपेक्षाकृत क्रान्ति अंगीकार भएको थियो । अतः, जेन-जेड क्रान्ति यी सबै भताभुङ् र लथालिङ् अवस्थाको विरूद्ध र समय-सापेक्ष सुधार लक्षित थियो । र, यो कार्यभार नै यस पृष्ठभूमिमा उभिएको 'राज्य'-को मुख्य दायित्व थियो ।

वर्तमान सरकार बनेको धेरै भएको छैन र यस छोटो अवधिमै उसका काम-कारवाहीको स्वरूप छिमलेर भनिहाल्न उचित नहोला । तर, 'बिहानले दिनको छाँट बताउने' परम्परागत विश्वास बमोजिम लाक्षणिक मीमांसासम्म गर्ने बेला यही हो र यही बेला हो सकारात्मक भावभूमिमाथि उभिएर सचेत गराइने पनि । 'राम्रो'-ले राम्रै नतिजाका लागि बलियो गरी उभिन सकेको हेर्न चाहने अभीप्सा पनि हो यो टिप्पणीको सदुद्देश्य, जो तत्काललाई कटु पनि ठहरिन सक्छ । त्यसकारण पनि, बस्, आजलाई यति नै ! शेष फेरि —

विद्रोही सांसद बन्दै अमरेशकुमार सिंह

✍ प्रचिन विष्ट

नेपाली कांग्रेसको राजनीति हुँदै राष्ट्रिय स्वतन्त्र पार्टी -रास्वपा) मा प्रवेश गरेका सांसद अमरेश कुमार सिंह पछिल्लो समय आफ्नै सरकार, संसद र सांसदहरूप्रति लगातार आक्रामक रूपमा प्रस्तुत भइरहेका छन् । उनको आलोचनाको मुख्य कारण अहिलेको राजनीतिक व्यवस्था, संसदीय व्यवहार र नेतृत्वप्रतिको गहिरो असन्तुष्टि देखिन्छ । उनी आफूलाई "स्वतन्त्र र निर्भीक आवाज" का रूपमा प्रस्तुत गर्दै स्थापित दलहरु र नेताहरूको शैलीमाथि प्रश्न उठाइरहेका छन् ।

सिंहले संसदमा प्रधानमन्त्रीदेखि अर्थमन्त्रीसम्मको कार्यशैलीमाथि कडा टिप्पणी गरेका छन्। उनका अनुसार सरकार लोकतान्त्रिक मूल्यअनुसार नभई "राजा-महाराजाको शैली" मा चलिरहेको छ । उनले संसद कमजोर बन्दै गएको, सांसदहरूले जनताको मुद्दाभन्दा प्रचारमुखी राजनीति गरिरहेको र सामाजिक सञ्जालमार्फत लोकप्रिय बन्ने होड चलेको आरोप लगाएका छन् ।

उनले रास्वपाकै सांसदहरूमाथि पनि अनुभव र विषयगत ज्ञानको अभाव रहेको आरोप लगाएका छन्। "९० प्रतिशत सांसदलाई केही थाहा छैन" भन्ने उनको अभिव्यक्तिले ठूलो बहस जन्माएको छ । सिंहका अनुसार कतिपय सांसदहरु नीति निर्माणभन्दा प्रशासनिक अधिकृतलाई धम्क्याउने र चर्चामा आउन खोज्ने काममा बढी केन्द्रित छन् ।

उनको आलोचना केवल भाषणमा सीमित छैन । अघिल्ला सरकारका पालामा संसदमा आकस्मिक समय नपाएपछि उनले अर्धनग्न भएर विरोध जनाएका थिए । यस घटनाले धेरै विवाद सिर्जना गऱ्यो । कतिपयले यसलाई राजनीतिक स्टन्ट भने भने, केहीले संसदप्रतिको निराशाको प्रतीकका रूपमा पनि हेरे । तर आलोचकहरूका अनुसार यस्तो व्यवहारले संसदीय मर्यादा कमजोर बनाउने काम गर्छ । टिकटक बनाउनकै लागि उक्त हरकत गरेको भन्ने आरोप पनि उनलाई त्यो बेलामा लाग्यो ।

सिंह राष्ट्रिय स्वतन्त्र पार्टी भन्दा पनि बालेनप्रतिको झुकाव निकै अगाडिदेखि नै राख्दै आएका थिए । काठमाडौं महानगरपालिकाका तत्कालिन मेयर बालेन शाहलाई भविष्यको प्रधानमन्त्री भन्दै समर्थनसमेत गर्दै आएका सांसद पनि हुन् सिंह । गएको निर्वाचन ताका उनले बालेन प्रधानमन्त्री नभए जनकपुरमा आत्मदाह गर्ने चेतावनीसमेत दिएका थिए, जसले उनको अभिव्यक्ति झन् विवादित बनायो । यसबाट उनले परम्परागत राजनीतिक दलप्रति वितृष्णा र नयाँ नेतृत्वप्रतिको विश्वास देखाएका छन् ।

विश्लेषकहरूका अनुसार सिंह अहिलेको अस्थिर र परिवर्तनशील राजनीतिमा आफ्नो छुट्टै राजनीतिक पहिचान स्थापित गर्न

खोजिरहेका छन् । उपनिर्वाचनपछि बढेको जनअसन्तुष्टि, नयाँ दलहरूको उदय र पुराना दलहरूप्रतिको अविश्वासबीच उनी आक्रामक अभिव्यक्तिमार्फत आफूलाई "विद्रोही सांसद" का रूपमा उभ्याउन चाहन्छन् । तर उनका शैली र अभिव्यक्तिले लोकतान्त्रिक बहसभन्दा बढी सनसनी सिर्जना गरिरहेको आरोप पनि लाग्ने गरेको छ ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक–६, थानारोड (झापा)
Call : 9819041615/9810315415

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक–८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

सिमेन्ट उद्योगविरुद्ध स्थानीयको गुनासो

उदयपुर । यहाँस्थित उदयपुरगढी गाउँपालिका-८ वैजनाथ टोलका स्थानीयले कसमस सिमेन्ट उद्योगको चुनढुङ्गा ढुवानीका कारण सडक, वातावरण र कृषि क्षेत्रमा गम्भीर असर परेको भन्दै स्थायी समाधानको माग गरेका छन्। उद्योगका टिपर र ट्रकको अत्यधिक आवागमनले सडक जीर्ण, धुलाम्मे र जोखिमपूर्ण बनेको स्थानीयको गुनासो छ। वर्षायाममा हिलो र खाल्डाखुल्डी तथा सुख्खा मौसममा धुलोले जनजीवन प्रभावित भएको बताइएको छ। ढुवानीका क्रममा खस्ने चुनढुङ्गाले खेतबारीमा असर परेको तथा ध्वनि र कम्पन प्रदूषणले बस्तीसमेत जोखिममा परेको स्थानीयको भनाइ छ।

सवारी साधनमा सडकमै 'नम्बर प्लेट' : सडकमा गुड्ने सवारी साधनका कतिपय नम्बर प्लेट पूरानाका कारण नदेखिने र त्यस्ता सवारीबाट हुने जोखिम न्यूनीकरण गर्न ट्राफिक प्रहरीको अगुवाईमा दमकको मुख्य चौकस्थित सडकमै नम्बर प्लेट लेखिँदै । ट्राफिक प्रहरीले सडकमै त्यस्ता सवारीको नम्बर प्लेट लेख्ने अभियान सञ्चालन गरिआएको छ ।

स्थानीय तहले गरे भू-उपयोग वर्गीकरण

दमक/ देशभर तीन सय ३८ स्थानीय तहले भू(उपयोग वर्गीकरण गरेका छन् । भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्यले गत चैत मसान्तसम्म ती स्थानीय तहले वर्गीकरण सम्पन्न गरेका हुन् । ती स्थानीय तहले आधार तथा मापदण्ड, नक्सा अद्यावधिक गरी कित्तागत सकेका हुन् ।

देशभरका एक सय ६९ स्थानीय तहले आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गरी कित्तागत विवरण संकलन तथा नक्सा अद्यावधिक गरेको जनाइएको छ । विभिन्न कारणले ४७ स्थानीय तहले कार्य प्रारम्भ गर्न सकेका थिएनन् ।

त्यसैगरी १५ स्थानीय तहले कृषि क्षेत्रको मापदण्ड तयार गरी विवरण तयार गरेको जनाइएको छ । भू(उपयोग वर्गीकरणको आधार तथा मापदण्ड तयार गरी नक्सा अद्यावधिक गर्दै गरेका १३४ स्थानीय तह छन् । आधार तथा मापदण्ड तयार गर्दै गरेका ५० स्थानीय तह छन् ।

भूमि, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव गणेशप्रसाद भट्टले भूउपयोग ऐन तथा नियममा स्थानीय तहलाई भूमिको वर्गीकरणका लागि अधिकार तोकिएको जानकारी दिए ।

कृषि र गैरकृषि जग्गाको वर्गीकरण छिट्टै भएमा त्यसको आधारमा कृषियोग्य जग्गाको संरक्षण, खण्डीकरण नियन्त्रण, चक्लाबन्दी कार्यक्रममार्फत कृषि उत्पादन वृद्धि र खाद्य सुरक्षाको प्रत्याभूति तथा व्यवस्थित सहरीकरण र सुरक्षित आवासको व्यवस्थापन गर्न सहज हुने पूर्वाधार विकास, प्राकृतिक स्रोतसाधनको संरक्षणका लागि आवश्यक योजना निर्माण गर्न सकिने मन्त्रालयले जनाएको छ । स्थानीय तहलाई भू(उपयोग वर्गीकरणका लागि यही असार मसान्तसम्म समय अवधि तोकिएको छ ।

लागूऔषधसहित दुई पक्राउ

दमक । झापाको दमकमा लागूऔषध ब्राउन सुगरको कारोबारमा संलग्न रहेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकामध्ये एक जनाको डेरा कोठाबाट ठूलो परिमाणमा ब्राउन सुगर, नगद र मोबाइल बरामद भएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय दमकका अनुसार विशेष सूचनाका आधारमा कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतको कमाण्डमा खटिएको प्रहरी टोलीले दमक नगरपालिका(५ स्थित एक डेरा कोठामा छापा मारेको थियो ।

छापामार क्रममा दमक(५ स्थित बिलिभर चर्च नजिक बस्दै आएका २३ वर्षीय तुलसी माझीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनको डेरा कोठाबाट प्लास्टिकमा स(साना पोका बनाएर राखिएको अवस्थामा प्लास्टिक बाहेक ८ ग्राम ४१० मिलिग्राम ब्राउन सुगर फेला परेको थियो । प्रहरीले घटनास्थलबाट विभिन्न दरका नेपाली रूपैयाँ ५६ हजार ६ सय, भारतीय रूपैयाँ १ हजार १ सय तथा दुई थान मोबाइल सेट समेत बरामद गरेको जनाएको छ ।

पुस्तक-साभार

नेपालमा अमूर्त संस्कृतिको

डा. प्रेम खत्री



एकताको प्रतीक गोरखा र अनेकताका स्वरहरू

गतांकबाट......

तर विशेष प्रकारको भूबनोट, अत्यन्त पिछडिएको उत्पादन परिपाटी र सम्बन्धका कारण नै अन्य वर्ग गरिबीको मारमा परेका हुन् । शासकवर्ग अरु वर्गको तुलनामा बढी सम्पन्न हुनु ता उसबेला पनि स्वाभाविक थियो भने अहिलेको लोक वा गणतान्त्रिक नेपालमा पनि अस्वाभाविक मान्न छोडिएको छ । शासनमा पुगेपछि सम्पन्न नभए कहिले हुने, आफुवरिपरि कुनै न कुनै प्रकारका जत्था नभए केको सन्तुष्टि भन्ने मनोवृत्ति पनि अहिले यत्रतत्र छ । यसो हो भने अधिकालाई सराप्नुमा खास तुक छैन ।

इतिहास अध्ययन गर्न सजिलो होस् भन्नका लागि हामी नेपालको इतिहासलाई प्राग् (शिकारी, पशुपालन+कृषि) आद्य र इतिहास (कृषिप्रधान, शहरी विकास), गरी तीन खण्डमा विभक्त गर्छौं र इतिहासलाई पनि प्राचीन, मध्यकाल र आधुनिक भन्छौं । तर यहाँ शासन गर्ने कुनै पनि शासकवर्गले आˆनो सत्ता स्थापना गर्दा नयाँ आर्थिक उत्पादन सम्बन्धको स्थापना र विस्तार एवम् विकास गरेका होइनन् । यो विकास स्वतः फूर्तरूपमा हुँदै गयो । त्यसैले आर्थिक परिवर्तनभन्दा पनि स्थायी सेनाको बन्दोबस्तीले वा पुर्ववर्ती शासनभन्दा बढी सङ्गठित राजनीतिक सुधार प्रशासकीय क्षमताले राज्यको वागडोर परिवर्तित भए । गोरखाराज्यको स्थापना, विकास, विस्तार र नेपाल राज्यको एकीकरण यही प्रशासन र सैन्य कुशलताका कारण सम्भव भएको मान्न सकिन्छ ।

असमानता नै समस्या

यस विश्लेषणको तात्पर्य के भने कुनै सम्प्रदाय, वंश, जाति, समूहको उत्थानमा आन्तरिक र वाह्य दुवै वातावरणको देन रहन्छ । नेपालका हिन्दू धर्मावलम्बी शासक वा अनुयायी दुवैमा आफू वरिपरिको वातावरणलाई आफू अनुकूल पार्ने चेत सायद बढी भयो कि ? त्यस चेतले संस्कारको रूप लिएर पुस्तान्तरण हुँदै आजसम्म आइपुग्दा नै हिन्दूधर्म, संस्कार, राजनीति र सामाजिक संरचना बढी हावी भएका हुन् कि ? यो प्रश्न विचारणीय छ । तर सत्य के पनि हो भने सामाजिक आर्थिक इतिहासका समग्र पक्ष केलाउँदा सबै भौगोलिक क्षेत्रको इतिहास हेर्दा धर्म र संस्कृतिले मात्र अरूको शोषण गरेको छैन । शोषण आर्थिक असमानता, स्रोतमा, उत्पादनमा पहुँचको कमीले भएको छ । क्रमशः...

स्वास्थ्य

गर्मीमा पसिनाबाट छुटकारा कसरी पाउने ?

गर्मीमा पसिना बग्नु सामन्य हो । तर, सामन्यभन्दा बढी पसिना बग्नु समस्या हो । पसिनाले शरीरमा दुर्गन्ध पैदा गर्छ । काखी, खुट्टा गन्हाउँछ । यही कारण कतिले हिनतावोध समेत गरिरहेका हुन्छन् । महिलाको तुलनामा पुरूषहरूमा यो समस्या बढी हुने गर्छ । यस्तो समस्याबाट कसरी छुटकारा पाउने त ? यस्तो छ काइदा ।

१. दिनहुँ नुहाउने/लुगा फेर्ने

यदि तपाईंलाई पनि धेरै पसिना आउने समस्या छ भने दिनदिनै नुहाएको अवस्थामा पनि यो समस्याबाट छुटकारा पाउनुहुनेछ । साथै नुहाइसकेपछि भित्री बस्त्र फेर्न अनिवार्य छ । अन्यथा, त्यही लुगामा भएको पसिनाका कारण तपाईंको शरीरबाट अझ धेरै दुर्गन्ध आउने सम्भावना रहन्छ ।

२ . काखी गन्हाएमा

गर्मीमा काखी गन्हाउनु आम समस्या हो । यसको समाधान हो, फिटकिरी । काखीमा फिटकिरी रगड्ने गर्नुपर्छ, काखी गन्हाउने समस्या कम हुन्छ । विभिन्न डियोड्रेन्टको प्रयोगले पनि काखी गन्हाउने समस्यामा कमी आउँछ ।

३. खुट्टा गन्हाउने समस्या

गर्मीमा खुट्टा गन्हाउने समस्या पनि हुनसक्छ । यसबाट छुटकारा पाउन पनि फिटकिरी प्रयोग गर्न सकिन्छ । धेरै पसिना आउने ठाउँहरूमा फिटकिरी रगड्नुपर्छ, पसिना गन्हाउने समस्या स्वतः कम भएर जान्छ ।

पैतालाको कुनाकाप्चामा फिटकिरी दल्नाले यसले पसिना गन्हाउने समस्यालाई कम गर्छ । गर्मीमा खुट्टा गन्हाउने समस्याबाट छुटकारा पाउनका लागि मोजाको छनौटमा पनि ध्यान दिनुपर्छ । यसका लागि सुतीको मोजा उपयोगी हुन्छ । पसिना आउदाँ खुट्टा धुने गरेमा र हरेक दिन मोजा फेरेमा पनि मोजा गन्हाउने समस्या आफै कम हुन थाल्छ । कागती पानीमा खुट्टा डुबाएर केहीबेर राख्नाले पनि खुट्टामा पसिना आउने तथा मोजा गन्हाउने समस्या कम भएर जान्छ ।

४. टाउकोमा चाया पर्ने समस्या

कतिपय मानिसमा पसिनाकै कारण टाउकोमा चाया पर्ने समस्या हुने गर्छ । यदि तपाईंहरूमा पनि यो समस्या छ भने तोरीको तेलमा दही मिसाएर लगाउनाले समस्या स्वतः कम भएर जान्छ ।

मनन गरौं



दिमाग तेज बनाउनः नुहाएपछि कानको पछाडि तेल लगाउनाले दिमाग तेज हुन्छ।

सावधानीः चियासँग बेसार मिसाएर खाँदा मानिसको मृत्यु समेत हुन सक्छ।

यौवन जोगाउनः चनाको दालमा सुप (क्बगा) मिसाएर खानाले जवानी सधैं कायम रहन्छ।

छालाको लागिः हप्तामा एक पटक नरिवलको पानी पक्कै पिउनुहोस्, यसले शरीर गोरो बनाउँछ।

मृगौलाको लागिः मनतातो पानीमा मह मिसाएर पिउनाले मृगौला सम्बन्धी रोग लाग्दैन ।

व्यक्तित्व विकासः तपाईं जति कम बोल्नुहुन्छ, तपाईंको कुराको महत्त्व उति नै बढी हुन्छ ।

व्यवहारः हरेक कुरामा टोक्ने वा अरूको गल्ती निकाल्ने बानी बन्द गर्नुहोस् ।

तपाईंको शरीरका १६ लुकेका संकेतले के भन्छन् ? (के कुराको कमी छ?)

१. कानमा घण्टी बज्नु उच्च रक्तचापको संकेत
२. बारम्बार हाई आउनु शरीरमा अक्सिजनको कमी
३. हात-खुट्टा चिसो भइराख्नु रक्तसञ्चारको कमजोरी -
४. औंलाहरूमा झम्झमाहट हुनु भिटामिन बी १२ को कमी
५. खुट्टा सुन्निनु - मुटु वा मिर्गौलाको समस्या
६. मुख गन्हाउनु - पेट र पाचन प्रणालीको समस्या
७. रातमा खुट्टा बाउँडिनु - म्याग्नेसियमको कमी
८. धेरै कपाल झर्नु आइरनको कमी
९. गुलियो खाने तीव्र इच्छा हुनु म्याग्नेसियमको कमी
१०. बारम्बार टाउको दुख्नु डिहाइड्रेसन (पानीको कमी) को संकेत
११. जिब्रो पोल्नु - बी-भिटामिनको कमी
१२. सुँघ्ने क्षमता कम हुनु - जिंकको कमी
१३. गिजाबाट रगत आउनु भिटामिन सी को कर्म
१४. निद्रा नलाग्नु - तनाव वा हर्मोनको असन्तुलन
१५. छिट्टो थकाइ लाग्नु आइरन वा थाइरोइडको समस्या
१६. छाला सुख्खा हुनु - पानी वा भिटामिन ई को कमी

मनोरञ्जन

नयाँ चलचित्र गंगा रानीका लागि वर्षा सिवाकोटी अनुबन्धित

दमक । अभिनेत्री वर्षा सिवाकोटी नयाँ फिल्म 'गंगा रानी'मा अनुबन्धित भएकी छन् । वर्षालाई 'लिड फिमेल' मा कास्ट गरिएको जानकारी दिँदै निर्माताले अन्य रोलका लागि अडिसन आह्वान गरेका छन् ।

निर्माताले टिजर पोस्टर पनि सार्वजनिक गरेका छन्, जसमा वर्षालाई रातो पहिरनमा आकर्षक देख्न सकिन्छ । टिजर पोस्टरमा उनी आत्मविश्वासी र आकर्षक अवतारमा प्रस्तुत भएकी छन् । उनको हेराइ र अभिव्यक्तिले प्रेम, रहस्य र संघर्षको संकेत दिन्छ ।

पोस्टरको अगाडि एक पुरूष पात्रको कालो छायाँ देखाइएको छ, जसले कथामा कुनै गहिरो रहस्य वा भावनात्मक सम्बन्ध रहेको अनुमान लगाउन सकिन्छ । ती व्यक्ति को हुन त्यो खुलाइएको छैन् ।

पृष्ठभूमिमा पुराना घरहरु र बस्तीको परिवेश देखाइएको छ । सुनौलो तथा मधुरो प्रकाशको प्रयोगले पोस्टरलाई भावनात्मक र रहस्यमय बनाएको छ ।

आहा फिल्मस्को प्रस्तुतिमा बन्ने सो फिल्मका निर्माता कमलप्रसाद शर्मा हुन् । पटकथा लेखन तथा निर्देशन राजबहादुर सानेको हुनेछ । यससँगै निर्माताले कास्टिङ कल गरेका छन् । मुख्य पात्रमा ४ महिला र ४ पुरूष आह्वान गरिएको छ ।

पुरूष २० वर्षदेखि ४० वर्ष उमेर समूह र महिलाको लागि १८ वर्षदेखि ३५ वर्ष उमेर समूहका कलाकारलाई आवेदन दिन सकिने पोस्टरमा उल्लेख गरिएको छ । निर्माण टिमका अनुसार इच्छुक कलाकारले आफ्नो परिचय भिडियो वा पोर्टफोलियो सहित दिइएको इमेल मा आवेदन पठाउन सक्नेछन् ।

२० जेठसम्म इच्छुकले आवेदन दिन सक्ने उल्लेख छ । छायांकन भदौ दोस्रो सातादेखि सुरू हुने उल्लेख छ ।

आज मिति
२०८३ साल
जेठ १३ गते
बुधबार
27 May 2026
तिथिः एकादशी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागिः
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार ।
वृष	इ उ ए ओ वा वि वु वे वो	मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल ।
मिथुन	का कि कु घ ङ छ के को हा	गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने ।
सिंह	मा मि मु मे मो टा टि टु टे	आफन्तको सहयोग । धन लाभ ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	अनावश्यक खर्च । शत्रुको भय ।
तुला	हि हु हे हो डा डि डु डे डो	आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	उपहार प्राप्ति । रोजगारीको अवसर ।
धनु	य यो भा भी भ धा फा ढ भे	कार्य सिद्धि । मान्यजनको सहयोग ।
मकर	भो जा जी खि खू खे खो गा गी	मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।
मीन	दि दु थ झ ञ दे दो चा ची	आर्थिक प्रगति । मित्रबाट सहयोग ।

पूर्वाञ्चल मन्टेश्वरीमा निर्वाचन, क्याप्टेन र भाईस क्याप्टेन चयन

दमक । दमक ८ स्थित पूर्वाञ्चल मन्टेश्वरी अंग्रेजी स्कुलले विद्यालय क्याप्टेन तथा भाइस क्याप्टेन छान्नका लागि निर्वाचन विधिमार्फत नेतृत्व चयन गरेको छ ।

अघिल्ला वर्ष भन्दा फरकसंगै व्यवहारिक ज्ञान दिन कक्षा १ देखि ८ सम्म का अध्ययनरत विद्यार्थीहरूवीच निर्वाचन गरिएको थियो ।

सोमबार विद्यालयमा आयोजित क्याप्टेन पदमा भारी मतका साथ आफ्ना प्रतिस्पर्धीलाई पछि पार्दै श्रीमद् गोस्वामी विजयी भए । त्यस्तै, सहायक क्याप्टेन पदमा विनिशा अधिकारी विजयी भईन् ।

दुई पदका लागि आठ जनाले उम्मेदवारी दर्ता गराएका थिए । उम्मेदवारी दर्तामाथि निर्वाचन कार्यतालिका अनुसार दावीविरोध लगायतका निर्वाचन कार्यक्रम पूरा गरेका थिए ।

विद्यार्थीहरूले लाईनमा बसेर आफूलाई मनपर्ने उम्मेदवारको चुनाव चिन्हमा (स्वस्तीक छाप) मतदान गरेका थिए । त्यसक्रममा स्वमसेवकहरूले मतदाताहरूलाई निष्पक्ष रूपमा मतदानका प्रकृयाका विषयमा सहयोग पुऱ्याएका थिए ।

विद्यालयकी संयोजक शिक्षक जानुका कार्कीको संयोजकत्वमा सम्पन्न उक्त निर्वाचनमा मतदान अधिकृतको रूपमा स्कूलकी ८ कक्षाकी लक्ष्मी कालिकोटे र सहायक निर्वाचन अधिकृतका रूपमा श्रीजिता गोस्वामीले जिम्मेवारी निर्वाह गरेका विद्यालयका फाउन्डर माधव भट्टराईले जानकारी दिए ।

निर्वाचनमा विजयी क्याप्टेन तथा भाइस क्याप्टेन विद्यार्थीलाई विद्यालयकी प्रिन्सिपल सविता पोखेल भट्टराईले टिका तथा खदा लगाई सम्मान गरिन् ।

कार्यक्रममा विद्यालयका फाउण्डर भट्टराईले शैक्षिक गुणस्तर मजबुत बनाउन विद्यालय पूर्ण रूपमा प्रतिवद्ध भएको जोड दिए ।

विद्यालयले पठनपाठनसंगै अतिरिक्त क्रियाकलापहरु निरन्तर गरिरहेको चर्चा गर्दै उनले विद्यार्थीको रूचि, ज्ञान र सीप अनुसार वढाई संगै नृत्य, गायन, बुद्धिचाल, तेक्वान्दोलगायतका कार्यक्रमहरू सञ्चालन गरिआएको उनले जानकारी दिए ।

अन्तर्राष्ट्रिय

उत्तर कोरियाद्वारा अज्ञात क्षेप्यास्त्र समुन्द्रमा प्रक्षेपण

एजेन्सी/ उत्तर कोरियाले मङ्गलबार आफ्नो पश्चिमी तटबाट अज्ञात क्षेप्यास्त्र समुद्रतर्फ प्रक्षेपण गरेको दक्षिण कोरियाली सेनाले जनाएको छ । यो पछिल्लो गतिविधिलाई उत्तर कोरियाको निरन्तर जारी हतियार परीक्षण शृत्लाको अर्को कदमका रूपमा हेरिएको छ ।

दक्षिण कोरियाको ज्वाइन्ट चिफ्स अफ स्टाफले जारी गरेको संक्षिप्त सूचनामा प्रक्षेपणको विस्तृत विवरण भने दिइएको छैन। प्रक्षेपणको प्रकार, दूरी वा क्षमताबारे तत्काल कुनै प्राविधिक जानकारी सार्वजनिक नगरिएको जनाइएको छ । यसअघि अप्रिल १९ मा उत्तर कोरियाले गरेको मिसाइल परीक्षणपछि यो नयाँ प्रक्षेपण भएको हो। त्यस बेला उत्तर कोरियाले धेरै छोटो दूरीका क्षेप्यास्त्र प्रहार गरेको थियो, जसलाई राज्य सञ्चारमाध्यमले क्लस्टर बम वारहेड प्रदर्शनको रूपमा वर्णन गरेको थियो ।

उत्तर कोरियाली नेता किम जोङ उन सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता असफल भएपछि देशको आणविक तथा क्षेप्यास्त्र क्षमताको विस्तारमा केन्द्रित रहेका छन्। राष्ट्रपति ट्रम्पले भने किमसँग पुनः वार्ता गर्न इच्छुकता व्यक्त गरेको भए पनि प्योङयाङले अमेरिकी प्रस्तावलाई बेवास्ता गर्दै आएको छ र वार्ताका लागि उत्तर कोरियाको आणविक निःशस्त्रीकरणको सर्त त्याग्न आग्रह गर्दै आएको छ ।

यसबीच किमले दक्षिण कोरियाप्रति अझ कडा नीति अपनाएका छन्। उनले दक्षिण कोरियालाई आफ्नो देशको 'स्थायी र सबैभन्दा शत्रुतापूर्ण शत्रु' का रूपमा चित्रण गरेका छन्। यसले कूटनीतिक सम्बन्ध थप जटिल बनेको सूचित गरेको छ । तनाव र संवाद ठप्प रहेको पृष्ठभूमिमा उत्तर कोरियाको आणविक महत्त्वाकांक्षालाई लिएर क्षेत्रीय अस्थिरता बढ्दै गएको विश्लेषण गरिएको छ। यता दक्षिण कोरियामा पनि रक्षा नीति र सैन्य आधुनिकीकरणबारे छलफल तीव्र भएको देखिन्छ । उत्तर कोरियाको पछिल्लो प्रक्षेपण दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले मन्त्रिपरिषद् बैठकमा देशको रक्षा क्षमतालाई मजबुत बनाउन आह्वान गरेको केही घण्टापछि भएको हो ।

खेलकुद

सहिद भीमनारायण स्मृति अन्तर्राष्ट्रिय फुटबल

उदयपुर र बिर्तामोड युनाइटेड फाइनलमा भिड्ने

धनकुटा । धनकुटामा आइतबारदेखि सुरु भएको १८औं संस्करण सहिद भीमनारायण स्मृति अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताअन्तर्गत सोमबारको खेलमा गाईघाट फुटबल क्लब, उदयपुर र बिर्तामोड युनाइटेड क्लब, झापा आमनेसामने हुने भएका छन् ।

आज हुने दोस्रो खेलमा दुई टिमबीच प्रतिस्पर्धा हुने भएको हो । धनकुटा नगरपालिका-६ स्थित तल्लो दुँडिखेलमा सहिद भीमनारायण स्मृति प्रतिष्ठान, धनकुटाले प्रतियोगिता आयोजना गरेको हो ।

आइतबार भएको उद्घाटन खेलमा राष्ट्रिय जागृति क्लब, सुनसरीलाई टाइब्रेकरमा ४-३ गोलअन्तरले पराजित गर्दै सलहेश युवा क्लब, सिराहा विजयी भएको थियो । आठ टिमको सहभागिता रहेको प्रतियोगिता जेठ १० गतेदेखि १६ गतेसम्म सञ्चालन हुनेछ ।

प्रतियोगितालाई विजेता टिमले ६ लाख रूपियाँ र उपविजेता टिमले ३ लाख रूपियाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछन् । हरेक खेलको 'प्लेयर अफ द म्याच'ले ६ हजार रूपियाँ प्राप्त गर्नेछ भने प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी तथा विभिन्न विधागत उत्कृष्ट खेलाडीलाई समेत पुरस्कारको व्यवस्था गरिएको समितिका संयोजक शम्भु प्रधानले जानकारी गराए ।

वि.सं. २०५५ सालदेखि सुरू भएको प्रतियोगिता केही वर्ष स्थगित भएपछि २०६३ सालदेखि नियमित रूपमा सञ्चालन हुँदै आएको हो । तत्कालीन राजा वीरेन्द्र शाहलाई बम प्रहार गरेको अभियोगमा २०३५ सालमा मृत्युदण्ड दिइएका सहिद भीमनारायण श्रेष्ठको स्मृतिमा प्रतियोगिता सञ्चालन गरिँदै आएको छ । श्रेष्ठलाई सरकारले २०७४ सालमा सहिद घोषणा गरेको थियो ।

हराएकी महिलाको शव फेला

उर्लाबारी । चारदिन हराएकी मोरङको उर्लाबारी-१ लक्ष्मीझारकी अन्दाजी ४५ वर्षीया सविता लिम्बूको शव बत्राहा खोला किनारमा फेला परेको छ । लिम्बू चार दिनदेखि हराएकी थिइन् । उनको शव मङ्गलबार बिहान स्थानीयले गाईवस्तु चराउने क्रममा देखेपछि इलाका प्रहरी कार्यालय प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय उर्लाबारीको टोली घटनास्थल पुगेर मुचुल्का तथा अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ ।

१५१ विदेशी नागरिक देश निकाला

दमक । अध्यागमन विभागले पछिल्लो पाँच महिनामा १५२ जना विदेशी नागरिकलाई देश निकाला गरेको छ ।

विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०२६ जनवरी १ देखि मे ११ सम्म उक्त संख्यामा विदेशी नागरिकलाई निष्कासन गरिएको हो ।

निष्कासितमध्ये १०५ जना भिसा अवधि सकिएर पनि नेपालमा बसेका –ओभरस्टे) रहेका थिए भने बाँकी ४७ जना लागुऔषध कारोबार, भिसाको उद्देश्य विपरीत गतिविधि, नक्कली राहदानी तथा नक्कली भिसा प्रयोगजस्ता कारणले निष्कासित गरिएको विभागले जनाएको छ ।

विभागका अनुसार सन् २०२५ मा ५२६ जना विदेशी नागरिकलाई देश निकाला गरिएको थियो, जसमा ४५९ जना ओभरस्टे गरेका थिए । विभागले विदेशी नागरिकको निगरानीका लागि 'विदेशी नागरिक व्यवस्थापन सूचना प्रणाली'मार्फत यस्तो कारबाही गरिएको जनाएको छ ।

एककों...डाँडागाउँमा पर्शुराम दाहालको कुखुरा फार्म पूर्ण रूपमा क्षति हुँदा २५ वटा ब्रोइलर कुखुरा मरेका छन् । घटनाबाट करिब दुई लाख रूपैयाँ बराबरको क्षति भएको छ ।

हल्दीबारी गाउँपालिका-२ मा तीन जनाको घरको छाना उड्दा करिब ९० हजार रूपैयाँ बराबरको क्षति भएको छ । गौरादह-६ मा श्यामलाल बैसरा र हुकुमसिंह राईका घरमा पनि क्षति पुगेको प्रहरीले जनाएको छ ।

त्यस्तै गौरादह-६ आरतीनगरमा मानबहादुर पराजुलीको भान्सा घरको छाना उड्दा भित्र राखिएको २० मन धान र २० मन मकै पानीले भिजेर करिब ८० हजार रूपैयाँ बराबरको क्षति भएको छ ।

हावाहुरीसँगै परेको चट्याङका कारण गौरादह-८ मा इन्द्रमणि प्रसाईंका दुई घरमा आगलागी भएको छ । आगलागीबाट विद्युतीय सामग्री तथा कागजात जलेर करिब १ लाख ३६ हजार रूपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

मेचीनगर-१५ मा रहेको जय माँ कामाक्ष इण्डष्ट्रिज प्रालिको गोदाम र मेसको जस्तापाताको छाना उड्दा करिब ३ लाख रूपैयाँ बराबरको क्षति भएको छ । मेचीनगर-८ स्थित सूर्योदय कम्पनीको पार्किङ भवनको छाना उडेर दुई बसको अगाडिको सिसा फुटेको छ ।

यता बिर्तामोडका विभिन्न स्थानमा विद्युत पोल ढल्दा सडक अवरूद्ध भएको थियो । बाह्रदशी-५ मा पृथ्वीलाल राजवंशीको घरको छाना पूर्ण रूपमा उड्दा करिब १ लाख ५० हजार रूपैयाँ बराबरको क्षति पुगेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार घटनामा मानवीय क्षति भने भएको छैन ।

तीन करोड...भएको प्रारम्भिक अनुमान गरिएको छ ।

उत्पादन बजार पठाउने तयारीमा रहेका बेला केरा खेती नष्ट भएपछि यस क्षेत्रका किसानहरु चिन्तित बनेका छन् । यसैबिच, क्षतिको वस्तुस्थितिबारे जानकारी लिन झापाका प्रमुख जिल्ला अधिकारीसहित गाउँपालिकाको प्रतिनिधिमण्डलले प्रभावित क्षेत्रको स्थलगत अनुगमन गरेको छ । अनुगमन टोलीले क्षतिको विवरण संकलन गरिरहेको बताइएको छ ।

प्रधानमन्त्री....स्थापनाका लागि सैन्य टकरावभन्दा संवाद, कूटनीति र अन्तर्राष्ट्रिय कानुनलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए ।

भेटका क्रममा युरोपेली सङ्घ र विभिन्न मुलुकका राजदूतहरूले नेपालले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गरेको भन्दै प्रशंसा गरेका थिए । उनीहरूले प्रधानमन्त्री शाहलाई बधाई दिँदै सुशासन, आर्थिक विकास र समृद्धिका क्षेत्रमा नेपालसँग सहकार्य र लगानी विस्तार गर्न तयार रहेको बताएका थिए ।

स्वामी...वैराग्य र साधनाप्रति झुकाव राख्ने उनले सांसारिक जीवनभन्दा अध्यात्मको मार्ग रोजे । पारिवारिक जीवनमा बाँध्ने प्रयास भए पनि उनको मन साधुसन्तको सान्निध्य र तपस्यामै केन्द्रित रह्यो। पछि घर छाडेर साधनायात्रामा निस्कनुभएका उनले स्वर्गद्वारी परम्पराका झ्यामपाली महाराज, योगसिद्ध छविलाल गुरू तथा स्वामी परमानन्द सरस्वतीजस्ता महापुरूषहरूको सान्निध्य प्राप्त गरे ।

स्वामी परमानन्द सरस्वतीबाट ब्रह्मचर्य दीक्षा लिएपछि उनी 'खिमानन्द ब्रह्मचारी'का रूपमा परिचित भए भने पछि स्वामी सत्यप्रकाशानन्द सरस्वतीबाट सन्न्यास दीक्षा ग्रहण गरी 'स्वामी विवेकानन्द सरस्वती' नामले प्रसिद्ध भए ।

वृन्दावन र हरिद्वारमा रहेर उनले वेदान्त, भागवत तथा संस्कृत शास्त्रको गहिरो अध्ययन गरेका थिए। वृन्दावनमा रहँदा उनले विश्वप्रसिद्ध वेदान्ताचार्य स्वामी अखण्डानन्द सरस्वतीको सान्निध्य प्राप्त गरेका थिए । उनले धर्मप्रचारसँगै शिक्षा क्षेत्रमा पनि उल्लेखनीय योगदान पुऱ्याएका छन् ।

सवारी...प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै, आन्दोलनका क्रममा प्रहरी कार्यालयहरूबाट लुटिएका १३ वटा हतियार अझै फेला परेका छैनन्। कुल १०३ हतियार लुटिएकोमा ९० वटा मात्र फेला परेको र बाँकीमध्ये केही नष्ट तथा हराएको अवस्थामा रहेको जनाइएको छ । लामो हतियार ७ र छोटो हतियार ६ वटा अझै बेपत्ता छन् । केही हतियार जलेको अवस्थामा समेत भेटिएका छन् ।

यसैबीच, आन्दोलनमा तोडफोड र आगजनीमा संलग्न ४७ जनालाई पक्राउ गरिएको छ भने १०२ जना अझै फरार रहेका छन्। पक्राउ परेकामध्ये केहीलाई धरौटी, हाजिरी जमानी र साधारण तारेखमा रिहा गरिएको छ भने केहीलाई पुर्पक्षका लागि कारागार पठाइएको छ । हालसम्म ४१ वटा मुद्दा दर्ता भएका छन्। आन्दोलनपछि प्रहरी स्रोतसाधनमा भएको क्षति र फरार अभियुक्तका कारण सुरक्षा व्यवस्थामा चुनौती थपिएको देखिन्छ ।

कोशी....प्रभातफेरीसहित विशेष समारोह आयोजना हुने छ, जहाँ प्रदेश प्रमुखलाई सलामी अर्पण, सहिद सम्मान र मुख्यमन्त्रीको सम्बोधन रहनेछ ।

जेठ १६ गते अस्पतालका बिरामी र वृद्धाश्रमका ज्येष्ठ नागरिकलाई फलफूल वितरण गरिने तथा साँझ दीपावली गरी कार्यक्रम समापन गरिनेछ । प्रभातफेरीमा विभिन्न जातजातिको पहिचान झल्कने झाँकी प्रदर्शन गरिने र उत्कृष्ट झाँकीलाई नगद पुरस्कार तथा कदरपत्र प्रदान गरिने निर्णय पनि गरिएको छ ।

संविधान...सरकारले यसतर्फ ध्यान नदिएको आरोप लगाईन ।

उहाँले राजसंस्थाको विषयलाई केवल राजनीतिक बहसका रुपमा नभई ऐतिहासिक, सांस्कृतिक र दार्शनिक दृष्टिकोणबाट पनि गम्भीर रूपमा छलफल गर्नुपर्ने बताइन । उनका अनुसार नेपाली समाजको परम्परा र पहिचानसँग जोडिएका यस्ता विषयलाई संविधान संशोधन प्रक्रियाबाट बाहिर राख्नु उचित हुँदैन ।

प्रदेश संरचनाबारे बोल्दै उनले अहिलेको प्रणाली आर्थिक रूपमा बोझिलो र अपेक्षित रूपमा प्रभावकारी नभएको टिप्पणी गरिन् । प्रदेश संरचनाको औचित्यमाथि पुनरावलोकन आवश्यक रहेको उनको भनाइ थियो । सचेतक ओलीले संविधान संशोधनको अन्तिम मस्यौदामा यी विषयहरु समावेश नभए देशभरका राष्ट्रवादी शक्तिहरु र सनातन धर्मावलम्बीहरु निर्णायक आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी पनि दिईन ।

स्कुल....गरेको अवस्थामा सह-चालक अचानक बसबाट खसेका थिए । दुर्घटनामा अन्दाजी ३१ वर्षीय उत्तम थापा गम्भीर घाइते भएका थिए ।

घाइते थापालाई उपचारका लागि प्रदेशिक अस्पताल कटारी लगिएको भए पनि बिहान चिकित्सकले मृत घोषणा गरेका थिए । उनको शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ ।

घटनापछि बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । मृतकको शव कानुनी प्रक्रिया पूरा गरी अस्पतालको शवगृहमा राखिएको छ ।

विवाह भएको चार महिनामै श्रीमतिको हत्या

खोटाङ । खोटाङको साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडामा विवाह गरेको चार महिनामै एक महिलाको रहस्यमय मृत्यु भएपछि श्रीमान पक्राउ परेका छन् । ३३ वर्षीय राजकुमार राईलाई आफ्नी २८ वर्षीया श्रीमती शान्ति चर्मकारको हत्या गरेको आरोपमा प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय खोटाङका अनुसार जेठ ९ गते बिहान राजकुमारले श्रीमती लञ्जेर मृत्यु भएको भन्दै आफन्तलाई खबर गरेका थिए। तर घटनास्थल पुगेका स्थानीयले घरभित्र खाटमाथि शंकास्पद अवस्थामा शव फेला पारेपछि घटना रहस्यमय बनेको थियो ।

स्थानीय जनप्रतिनिधिका अनुसार मृतकको शरीरका विभिन्न भागमा निलडाम र चोटपटकका स्पष्ट चिन्ह देखिएको थियो। शव गन्हाउन थालेको अवस्थाले मृत्यु केही दिनअघि नै भएको हुनसक्ने आशंका गरिएको छ ।

घरमा श्रीमान-श्रीमती मात्रै बस्ने गरेका कारण घटनाप्रति थप शंका उत्पन्न भएको स्थानीयको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतका अनुसार कुटपिट गरी हत्या गरेको आरोपमा राजकुमारलाई पक्राउ गरी जिल्ला अदालतबाट म्याद थप गरेर अनुसन्धान अघि बढाइएको छ ।

"माया क्याफे" ले दियो तीन विद्यार्थीलाई पोशाक

दमक । दमक चौकमा भर्खरै सञ्चालनमा आएको माया क्याफेले दमकका तीन जना विपन्न विद्यार्थीलाई पोशाक दिएको छ । दमक फुटबल एकाडेमीका अध्यक्ष तथा सामाजिक अगुवा गजेन्द्र देवानले आफना दिवंगत श्रीमतीको स्मृतिमा हालै मात्र सञ्चालनमा ल्याएको सो क्याफेमार्फत दमकका प्रतिभावान तीन खेलाडीलाई विद्यालय पोशाक उपलब्ध गराएका हुन् ।

दमक तेक्वान्दो डोजाङका सल्लाहकार संयोजकसमेत रहेका देवानले हिमालय माध्यमिक विद्यालय कक्षा ११ अध्ययनरत रेशु धिमालसहित आयुष धिमाल र अर्पण धिमाललाई विद्यालय पोशाक दिएका हुन् । रेशुसहित तीनै तेक्वान्दो खेलका प्रतिभाशाली खेलाडीहरू हुन् । अध्ययनसंगै खेल क्षेत्रमा प्रशिक्षण लिदै आएका उनीहरू दमक तेक्वान्दो डोजाङमा आवद्ध रहेर विभिन्न प्रतियोगितहरूमा सहभागिता जनाएर दर्जनौं पदकहरू जीतेका छन् । दमक खानेपानी तथा सरसफाई उपभोक्ता समितिका सदस्य समेत रहेका देवानले आफ्ना दिवगंत जीवन साथी माया राई देवानको जन्मदिनको विशेष अवसर पारेर उक्त सहयोग हस्तान्तरण गरिएको हो । दमक ५ स्थित सर्वोदय माध्यमिक विद्यालय आयोजित सो कार्यक्रममा दाता देवानसहित दमक तेक्वान्दो डोजाङका अध्यक्ष जीतु धिमाल, नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ झापा ५ का सचिव बलराम धिमाल लगायतको उपस्थिति थियो ।

Log on मर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्



ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू
१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने
३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने ।
५) कृतिम दाँत राख्ने ।
६) दाँतको खोल राख्ने ।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने ।
८) नमिलेको ठाउँमा टिड्गा दाँतमा तार बान्ने ।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने ।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने ।
११) Oral-Ulcer तथा Oral-Cancer को परामर्श ।
१२) मुखको साधारण सल्यक्रिया सेवा । Minor Sugery
१३) मुखको जटिल सल्यक्रिया सेवा । Major Sugery
१४) दाँतको Implant गर्ने ।
१५) दाँतको OPD सेवा ।

आवद्ध डाक्टरहरू
☞ डा. हेम राज गैरे
☞ डा. सि.पि. गैरे
☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह
☞ डा. टंक न्यौपाने
☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ
☞ डा. काश्मी श्रेष्ठ
☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

AAMA Dental
We Care For Your Smile
आमा डेन्टल प्रा.लि.
आफ्नो स्थापनाको
१० औं को
वार्षिकोत्सव
शुभअवसरमा आफ्ना आफ्रणीय सेपाग्राहीहरूका लागि.....
विशेष अफर
प्रदान गर्दछौं ।
१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्सा-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा ३०% सम्म छुट ।
यो अफर जेठ महिना भरि लागु हुनेछ....
दमक-६, धानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-५, रवि स्टेन्ड भेट अगाडि (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-४७४३११/४८४२६४४१३६/४८१४४८४७३२०

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल,
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
प्रबन्धक: सुवासचन्द्र भट्टराई,
मुद्रण: ज्योति अफसेट प्रेस,
कार्यकारी सम्पादक: खगेन्द्र कार्की
E-mail:purbasandesh@yahoo.com
ले-आउट: सुरेन बस्नेत
सल्लाहकार : पंकज दाहाल